धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२१ ◆ २०८३ कात्तिक ३० सोमबार ◆ Monday, November 15, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

सभामुख अर्याल घडिअर्वा पोखरीको छठ पूजामा सहभागी

❑ *प्रत्यूष समाचारदाता*



वीरगन्ज (पर्सा) । सभामुख डोलप्रसाद (डिपी) अर्याल छठ पर्वका अवसरमा वीरगन्जस्थित ऐतिहासिक घडिअर्वा पोखरीमा आयोजित छठ पूजामा आइतबार सहभागी हुनुभएको छ ।

श्रद्धा र आस्थाको प्रतीक का रुपमा लिइने सांस्कृतिक पर्व छठका अवसरमा सभामुख अर्यालले घडिअर्वा पोखरी परिसरको अवलोकन तथा स्थानीय श्रद्धालु हरूसँग भेट गर्नुभयो । त्यसैगरी, छठ पर्वका अवसरमा वीरगन्ज महानगर पालिका-१६ स्थित नगवा पोखरीको छठ पूजामा पनि उहाँ सहभागी हुनुभयो । लोकआस्थाको पर्व छठ पर्वका अवसरमा वीरगन्जस्थित पोखरी, नदी, सरोवर तथा जलाशय लगायत छठघाट साजसज्जाले झकिझकाउ गरिएका छन् । वीरगन्जका ऐतिहासिक घडिअर्वा, लाछुमनवा र 'स्वीमिङ पुल'लगायत छठ घाटलाई साज-सज्जासहित सुन्दर बनाइएको छ। खरना मनाई सकिएको छ भने आइतबार अस्ताउँदो सूर्य र भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने छ ।

घडिअर्वा छठघाटमा भारत को कोलकातावाट आएका कारिगर ले विशेष सजावट गरिएको घडिअर्वा छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष राकेश साह कानुले जानकारी दिनुभयो । उहाँका अनुसार घडिअर्वा छठघाटमा पाँच हजार ५०० व्रतालु र हजारौँ दर्शनार्थी आउने अपेक्षा गरिएको छ ।

त्यसैगरी, घडिअर्वासति अन्य घाटहरुमा सुरक्षाका लागि २४सै घण्टा प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

खुलामञ्चमा दुबो रोपियो



काठमाडौं । नेपाली कांग्रेसको १५औं महाधिवेशनका क्रममा क्षति पुगेको खुलामञ्चमा दुबो रोपिएको छ। कांग्रेस महानगर समितिको आयोजनामा पार्टीको १५औं महाधिवेशनका क्रममा क्षति पुगेको काठमाडौंको ऐतिहासिक टुँडिखेलस्थित खुलामञ्चको हरियाली र सौन्दर्य फर्काउन दुबो रोपिएको हो। महाधिवेशनका क्रममा सवारी साधनको आवतजावत, अस्थायी संरचना निर्माण र ठूलो सङ्ख्यामा मानिसको चहलपहलले बिग्रिएको दुबो पुनःरोपन तथा संरक्षण गर्न आइतबार पार्टीका नेता-कार्यकर्ता खुलामञ्चमा जुटेका हुन् । पार्टीले कार्यक्रमअघि सार्वजनिक स्थललाई प्रयोगपछि पुरानै अवस्थामा फर्काउने प्रतिबद्धता जनाएको थियो । सोही प्रतिबद्धता अनुसार क्षतिग्रस्त क्षेत्रमा नयाँ दुबो रोप्ने, माटो मिलाउने र हरियाली पुनःस्थापना गर्ने काम सुरु गरेको हो। कांग्रेसका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा स्थानीय नेता, कार्यकर्ता खुलामञ्च पुगेर दुबो रोप्ने काममा सहभागी भएका छन् । क्षति पुगेका स्थानमा चितवनबाट ल्याइएको दुबो रोपिएको कांग्रेस महानगरका सभापति इन्जिनीयर सुशन वैद्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पछिल्लो एक महिनादेखि नियमित सिँचाइ, मलखाद र मर्मतसम्भारको काम पनि भइरहेको छ । सभापति वैद्यले महाधिवेशनका क्रममा भएको क्षतिलाई पार्टीले आफ्नो दायित्वका रूपमा लिएको बताउनुभयो। कार्यक्रमअघि नै खुलामञ्च जुन अवस्थामा लिइएको हो, त्यही अवस्थामा फर्काएर हस्तान्तरण गर्ने प्रतिबद्धता गरिएको उहाँले स्मरण गर्नुभयो ।

"महाधिवेशन स्थलका रूपमा हामीले खुल्लामञ्च प्रयोग गर्दा वर्षाका कारण अनुमान गरेभन्दा केही बढी क्षति भएको छ। दुई दिन परेको भारी वर्षा र हजारौँ मानिसको आवतजावतका कारण दुबो बिग्रिएको हो । त्यसलाई पुरानै अवस्थामा फर्काउनु हाम्रो जिम्मेवारी हो", उहाँले भन्नुभयो ।

उहाँले खुलामञ्च कुनै एउटा राजनीतिक दल, महानगरपालिका वा सरकारको मात्र नभई तीन करोड नेपालीको साझा सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षण सबैको दायित्व भएको बताउनुभयो । सार्वजनिक सम्पत्तिको संरक्षण राजनीतिक मुद्दा मात्र नभई राजनीतिक दलको नैतिक जिम्मेवारी पनि भएको उहाँको भनाइ छ। दुबो रोप्ने कार्यक्रममा पार्टीकी सहमहामन्त्री प्रतिमा गौतम, केन्द्रीय सदस्यहरु जनक चट्टौत, लेखनाथ पोखरेल, सीता मिजारलगायत पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

सबै धर्म, संस्कृति र परम्पराको संरक्षणमा सरकार प्रतिबद्ध छः प्रधानमन्त्री शाह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। प्रधानमन्त्री बालेन्द्र शाहले सरकार सबै धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रकृति र आस्थाको पर्व छठको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्नुभएको छ ।

सन्देशमा उहाँले छठका माध्यमबाट हामीलाई जीवनको एक गहिरो दर्शन सिकाउने उल्लेख गर्नुभएको छ। "भगवान् सूर्यदेव र छठी माताको आराधनाका साथ परिवारको सुख, शान्ति, आरोग्य र सन्तानको दीर्घायुको कामना गर्दै यो पर्व मनाइन्छ", उहाँले सन्देशमा भन्नुभएको छ, "जहाँ उदाउँदो सूर्यलाई भैं अस्ताउँदो सूर्यलाई पनि उत्तिकै श्रद्धा र सम्मानका साथ अर्घ्य दिइन्छ । यसले प्रकृतिप्रतिको कृतज्ञता र जीवनका हरेक अवस्थालाई सम्मान गर्ने प्रेरणा दिन्छ।" चार दिनसम्म विधिपूर्वक मनाइने यस पर्वको पहिलो दिन नहाय-खाय, दोस्रो दिन खरना, तेस्रो दिन अर्थात् आइतबार साँझ अस्ताउँदो सूर्यलाई र चौथो दिन भोलि बिहान उदाउँदो सूर्यलाई जलाशयको किनारमा अर्घ्य दिइने परम्परा प्रधानमन्त्रीले सन्देशमा स्मरण गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले छठ पर्वले हामी सबैमा सकारात्मक ऊर्जा भर्दै देशमा सुशासन, सामाजिक न्याय र समृद्धिको सङ्कल्प पूरा गर्न प्रेरणा प्रदान गरोस् तथा भगवान् सूर्यदेव र छठी माताको कृपा हामी सबैमाथि सधैं बनिरहोस् भन्ने कामना गर्नुभएको छ। तलाउ समीप षष्टी माताको पूजा गरिएको स्थानको तस्विरसमेत सामाजिक सञ्जालमा पोष्ट गर्दै प्रधानमन्त्रीले मैथिलीमा लेख्नुभएको छ: "छैठके बहुत रास शुभकामना ! दीनानाथ आ छैठ परमेश्वरी सब के जीवन में सुख, शान्ति आ समृद्धि लइथिन से कामना करैछि ।"

छठ महापर्व, २०८३ का अवसरमा आइतबार शुभकामना दिँदै उपराष्ट्रपति यादवले हिमाल, पहाड र मधेसका जनतालाई सांस्कृतिक आत्मीयताको सूत्रमा बाँध्ने यस्ता पर्वले हाम्रो राष्ट्रिय एकता र साझा नेपाली पहिचानलाई अझ सुदृढ बनाएको बताउनुभएको छ । उपराष्ट्रपति यादवले मानव, प्रकृति र सृष्टिबीचको गहिरो सम्बन्धलाई जीवन्त रूपमा अभिव्यक्त गर्ने छठ महापर्व नेपाली समाजको एक अद्वितीय सांस्कृतिक अनुष्ठान भएको बताउनुभएको छ । उहाँले सूर्यलाई प्रत्यक्ष जीवनदाता तथा ऊर्जाको स्रोतका रूपमा श्रद्धापूर्वक अर्घ्य अर्पण गर्ने यस पर्वले प्रकृतिप्रति कृतज्ञता, संयम, शुचिता र समर्पणको सन्देश दिने बताउनुभएको छ। छठको परम्पराले जीवनका हरेक अवस्था, सङ्घर्ष र सम्भावनाप्रति समान आदर राख्न सिकाउने उल्लेख गर्नुभएको छ । 'नहाय-खाय', 'खरना (रसयारोटी)', सन्ध्या अर्घ्य र उषा अर्घ्यका धार्मिक अनुष्ठानहरूले आत्मअनुशासन, धैर्य, श्रद्धा र आध्यात्मिक शुद्धताको अभ्यास गराउने उल्लेख गर्दै उहाँले बर्तालुहरूले कठिन साधना र संयमका साथ सम्पन्न गर्ने यो पर्वले इच्छाशक्ति, परिवारप्रतिको समर्पण तथा सामूहिक उत्तरदायित्वको उच्च उदाहरण प्रस्तुत गर्ने समेत बताउनुभएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गर्दैछौं : शिक्षामन्त्री पोखरेल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न भौतिक पूर्वाधारको पुनःसंरचनासँगै विद्यालय तहको पाठ्यक्रममै जलवायु शिक्षालाई अनिवार्य रूपमा समावेश गर्ने प्रक्रिया अघि बढाइएको बताउनुभएको छ ।

टर्कीयको अन्ताल्यामा आयोजित जलवायु परिवर्तन सम्बन्धी विश्व सम्मेलन (कोप-३१) अन्तर्गत 'एन्टाल्या कार्य योजना प्रोटोकल: हरित शिक्षाको केन्द्रमा बालबालिका, युवा र शिक्षकहरू' विषयक उच्चस्तरीय मन्त्रीस्तरीय उद्घाटन सत्रको समूहगत छलफलमा सहभागी हुँदै मन्त्री पोखरेलले नेपालले शिक्षा प्रणालीमार्फत जलवायु अनुकूलन को दीर्घकालीन आधार तयार पारिरहेको जानकारी दिनुभएको हो ।

छलफलका क्रममा मन्त्री पोखरेलले जलवायु सङ्कटका कारण शैक्षिक क्षेत्र दोहोरो मारमा परेको विश्लेषण प्रस्तुत गर्नुभएको शिक्षामन्त्रीको सचिवालयले जनाएको छ। एकातर्फ हिमालमा हिमताल विस्फोट, पहाडमा पहिरो तथा तराईमा बाढी र अत्यधिक तापक्रम (हिट वेभ) का कारण पठनपाठन अवरुद्ध भइरहेको छ भने अर्कातर्फ विगतमा विपद् जोखिम मूल्याङ्कन नगरी बनाइएका भौतिक संरचना असुरक्षित बनेको उहाँले उल्लेख गर्नुभयो । केही महिनाअघि नेपालमा नदीको सतह सामान्य उचाइभन्दा निकै माथि सम्म पुगी केही सेकेन्डभित्रै बस्तीसहित विद्यालय भवनमा क्षति पुगेको उदाहरण दिँदै उहाँले अब यी कुराहरूको मूल्याङ्कनमा आधारित पूर्वाधार विकास अपरिहार्य भएको बताउनुभयो ।

यसै सन्दर्भमा काठमाडौं महानगरपालिकाका ९० वटा विद्यालयमा गरिएको सफल परीक्षण (पाइलट प्रोजेक्ट) को सिकाइका आधारमा हाल देशभरका करिब २७ हजार सामुदायिक विद्यालयको भौतिक संरचना, विपद् जोखिम र राष्ट्रिय भवन संहिता अनुसार न्यूनतम ६० प्रतिशत खुला क्षेत्र भए/नभएको विस्तृत अध्ययन भइरहेको उहाँले जानकारी दिनुभयो। उक्त अध्ययनपछि बन्ने गुरुयोजना (मास्टर प्लान) ले सुरक्षित विद्यालय निर्माण गर्नुका साथै राज्यको स्रोतसाधनको दिगो व्यवस्थापन गर्ने उहाँको भनाइ थियो । जलवायु परिवर्तनको दीर्घकालीन प्रभावबाट विश्वका कुनै पनि सभ्यता अछुतो नरहने भएकाले वैचारिक विभाजन भन्दा माथि उठेर शैक्षिक र वैज्ञानिक सहकार्यमार्फत विश्व समुदाय एकजुट हुनुपर्नेमा उहाँले जोड दिनुभएको जनाएको छ ।

हिमाली जिल्ला म्याग्दीमा छठ पर्व मनाइयो

म्याग्दी। हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी बजारमा आइतबार छठ पर्व मनाइएको छ। म्याग्दीमा बसोबास गर्ने तराईबासी नेपाली र भारतीय नागरिकले बेनीमा छठ पर्व मनाएका हुन् ।

जलजला गाउँपालिका-३ स्थित कालीगण्डकी नदी किनारमा मिथिलाञ्चलवासीले छठी देवीको पूजाआजा र नदीमा गएर अर्घ दिएका छन् । सूर्यदेवको उपासना गरेर हरेक वर्षको कार्तिक शुक्ल चतुर्थीदेखि सुरु भएर सप्तमीसम्म मनाइने छठले धार्मिक र सामाजिक सद्भावको सन्देश दिएको छ । आइतबार साँझ कालीगण्डकी नदी किनारमा पूजाआजा र अर्घ दिएका ब्रतालुले सोमबार बिहानै उदाउँदो सूर्यलाई अर्घ दिने तयारी गरेका छन् । छठको पुजाका लागि तीन दिनसम्म पानी पनी नखाई व्रत बसेका थिए। नुहाइधुवाइ शुद्ध बस्त्र लगाएर व्रत बस्ने गरिएको बेनीमा व्यवसाय गर्दै आउनुभएका प्रतिमा शाहले बताउनुभयो। व्यावसायिक व्यस्तताले जन्मथलो जान नपाए पनि आफू बसेकै ठाउँमा सामूहिक रुपमा छठ पर्व मनाइएको किसन शाहले बताउनुभयो ।

नाङ्लो, कनसुप्ती, ढकना, सरबालगायत राखिएका प्रसाद लिएर नदी किनारमा उभिएका ब्रतालुले सूर्यलाई अर्घ चढाएका थिए ।

ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, फर्सी, सिंगारा, पान, सुपारी, धूप, दीप, अरतक, पात, चना आदिको प्रसाद बनाएर चढाएका थिए। छठ मनाउन जम्मा भएका मिथिला



ञ्चलवासीलाई बेनीमा बसोबास गर्ने अन्य समुदायले शुभकामना दिएका थिए । छठको पूजा गरेको देखेर अनौठो मानेका थिए । आफ्नै जन्मथलोमा जसरी विधिपूर्वक छठ मनाएको उमाशङ्कर शाहले सो क्रममा बताउनुभयो ।

म्याग्दीका विभिन्न ठाउँमा करिब २०० जना तराईबासी छन्। व्यावसायिक र पारिवारिक कारणले घरमा जान नपाउनेलाई पछिल्ला केही वर्षयता बेनीमै छठ पर्व मनाउने व्यवस्था मिलाएको सञ्जय ठाकुरले बताउनुभयो ।

बेनीका करिब १०० जना मिथिलाञ्चलबासी यसपालि छठ मनाउन आफ्नो जन्मथलो गएका र नगएकाहरुले बेनीमै मनाएको उहाँले बताउनुभयो । विसं २०७७ वर्षदेखि तराईबासीले म्याग्दीमा छठ मनाउन थालेका हुन् । सरकारले विसं २०७६ फागुनमा म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरेको थियो ।

सम्पादकीय ....

चाडपर्वको बिदापछि नियमित काममा फर्कौं, सिर्जनात्मक र परिणाममुखी बनौं

नेपाली समाज विविध जातजाति, भाषा, धर्म र संस्कृतिले भरिपूर्ण समाज हो । यहाँ मनाइने विभिन्न चाडपर्वले सामाजिक सद्भाव, आपसी एकता र भाइचाराको सम्बन्धलाई बलियो बनाउँदै आएका छन् । दसैं, तिहार, नेपाल संवत् हुँदै छठ पर्वसम्म आइपुग्दा नेपाली नागरिकले लामो समय चाडपर्वको उल्लासमा बिताएका छन् । छठ पर्वको समापनसँगै अब चाडपर्वको रमझमबाट बाहिर निस्केर आफ्नो नियमित दैनिकी र जिम्मेवारीमा फर्किने समय आएको छ ।

चाडपर्वका कारण सरकारी कार्यालय, संघसंस्था तथा विभिन्न निकायमा केही दिन नियमित कामकाज प्रभावित भएको थियो। यस अवधिमा धेरै कर्मचारी तथा नागरिकहरू परिवार र आफन्तसँग भेटघाट गर्ने, गाउँघर जाने तथा धार्मिक र सांस्कृतिक गतिविधिमा सहभागी हुने काममा व्यस्त रहे। चाडपर्व मनाउनु हाम्रो संस्कृति र परम्पराको महत्वपूर्ण पक्ष हो । तर चाडपर्व सकिएपछि अब सबैले आफ्नो जिम्मेवारीलाई उत्तिकै महत्व दिन आवश्यक छ ।

आजदेखि सरकारी कार्यालयहरू नियमित रूपमा सञ्चालनमा आउने भएकाले कर्मचारीहरूले समयमै कार्यालय उपस्थित भई सेवाप्रवाहलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्छ । लामो बिदापछि कार्यालयमा कामको चाप बढ्न सक्छ । नागरिकका विभिन्न काम रोकिएका हुन सक्छन् । त्यसैले सेवाग्राहीलाई अनावश्यक दुःख नदिई छिटो, छरितो र सहज रूपमा सेवा प्रदान गर्नु कर्मचारीहरूको पहिलो प्राथमिकता हुनुपर्छ ।

सरकारी कार्यालयमा काम गर्नु भनेको केवल हाजिर गरेर समय बिताउनु मात्र होइन । नागरिकले तिरेको करबाट प्राप्त हुने तलब र सुविधाको प्रतिफल कामबाट देखिनुपर्छ । कर्मचारीहरूले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्दै नयाँ सोच, सिर्जनात्मक उपाय र प्रविधिको प्रयोगबाट कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्छ । पुरानै कार्यशैलीमा अल्झिएर काम गर्दा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ । त्यसैले समय अनुसार कार्यशैली परिवर्तन गर्नु आजको आवश्यकता हो ।

त्यस्तै, कार्यालय प्रमुख तथा सम्बन्धित निकायका नेतृत्वकर्ताले पनि कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्छ । कुन काम कहिलेसम्म सम्पन्न गर्ने, कसले गर्ने र त्यसबाट कस्तो परिणाम प्राप्त गर्ने भन्ने विषयमा स्पष्टता हुनुपर्छ । योजनाअनुसार काम भए नभएको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था पनि आवश्यक छ ।


लामो समयदेखि रोकिएका र अधुरा रहेका कामलाई प्राथमिकताका आधारमा अघि बढाउनुपर्छ । सेवाग्राहीलाई मुस्कानसहित सेवा दिने संस्कार विकास गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । चाडपर्वले हामीलाई खुसी, उत्साह र नयाँ ऊर्जा दिएको छ । अब त्यही ऊर्जा आफ्नो कार्यक्षेत्रमा लगाउने बेला आएको छ । कर्मचारी, जनप्रतिनिधि, निजी क्षेत्र तथा आम नागरिक सबैले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न सकेमात्र देशको विकासले गति लिन सक्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

माटाका आकृतिमा जीवन्त मिथिलाको प्रेम र लोकसंस्कृति-सामाचकेवा पर्व



अजयकुमार साह

मिथिलाञ्चलका गाउँ बस्तीमा साँझ पर्नासाथ हातमा रङ्गीचङ्गी माटाका आकृति राखिएको बाँसको डाला, त्यसमा बलिरहेको दियो र समूहमा गुञ्जिने लोकगीतले वातावरण नै उल्लासमय बन्छ । युवती तथा महिलाहरूको सामूहिक स्वरमा गुञ्जिने सामा-चकेवाका गीतले दाजुभाइप्रतिको माया, दिदीबहिनीबीचको आत्मीयता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मिथिलाको सांस्कृतिक परम्परालाई जीवन्त बनाउँछ ।

मिथिलाञ्चलमा छठ पर्वसँगै सुरु हुने सामा-चकेवा केवल मनोरञ्जन वा धार्मिक अनुष्ठान मात्र होइन, यो प्रेम, समर्पण, त्याग र पारिवारिक सम्बन्धको भावनात्मक अभिव्यक्ति पनि हो । माटोका विभिन्न आकृतिलाई पात्र बनाएर गीत र संवादमार्फत कथा प्रस्तुत गरिने यो परम्परा मिथिलाको विशिष्ट गीति लोकनाट्यका रूपमा परिचित छ । कार्तिक शुक्ल पञ्चमीदेखि सुरु हुने सामा-चकेवा पर्व पूर्णिमासम्म ११ दिन मनाइन्छ । यस अवधिमा मिथिलाञ्चलका दिदीबहिनी, छोरीबुहारी तथा महिलाहरू राति समूहमा भेला भएर सामा-चकेवा खेल्ने गर्छन् । उनीहरूले दाजुभाइको सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति र समृद्धिको कामना गर्दै परम्परागत गीत गाउँछन् ।

पर्वको पहिलो दिन महिलाले दाजुभाइको हातबाट माटो खनेर ल्याउने परम्परा छ । त्यही माटोबाट सामा, चकेवा, चुगला, सतभइया, वनतितर, झाँझी कुकुरलगायत विभिन्न पात्रका आकृति बनाइन्छन् । माटाका ती आकृति सुकाएपछि विभिन्न रङले सजाएर बाँसको डालामा राखिन्छ । राति दियो बालेर ती आकृति गाउँका चौक, चौराहा, दोबाटो तथा सार्वजनिक स्थानमा लगिन्छन् । त्यसपछि सामूहिक रूपमा गीत गाउने, नाच्ने र माटाका पात्रलाई संवादमार्फत जीवन्त बनाउने गरिन्छ ।

मधेस प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष तथा संस्कृतिविद् रामभरोस कापडीका अनुसार सामा-चकेवा पर्व दिदीबहिनीले दाजुभाइको दीर्घायु र समृद्धिका लागि गर्ने सांस्कृतिक अनुष्ठान हो । यसमा गीत, सङ्गीत, नाटकीय प्रस्तुति र लोकविश्वासको सुन्दर संयोजन रहेको छ । उहाँका अनुसार अन्य लोकनाट्यमा मानिसले पात्रका रूपमा अभिनय गर्छन् भने सामा-चकेवामा माटाका आकृतिलाई पात्र बनाएर महिलाहरूले गीत र संवादमार्फत कथा प्रस्तुत गर्छन् । यस क्रममा 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चम्पा फूल लगाइदिय' र 'सामचको सामचको अइहा हो, अइहा हो, गुँढ खेतमे भसिया हो' जस्ता लोकगीत गाइन्छन् । यी गीतमा दाजुभाइप्रतिको माया, पारिवारिक सम्बन्ध, सामाजिक जीवन र प्रकृतिप्रतिको आत्मीयता अभिव्यक्त भएको पाइन्छ ।

माटाका पात्रमा जीवन्त हुन्छ लोकनाट्य

सामा-चकेवा पर्वको सबै भन्दा विशिष्ट पक्ष माटाका आकृतिमार्फत कथा प्रस्तुत गरिनु हो । यसमा सामा र चकेवा मुख्य पात्रका रूपमा रहन्छन् । सामा स्त्री पात्र र चकेवा पुरुष पात्र हुन् । यसबाहेक चुगला, ढोलिया, भरिया, सतभइया, खजँचिडैया, वनतितर, झाँझी कुकुर, भैया बटतकनी, मलिनियाँ र वृन्दावनजस्ता पात्र पनि बनाइन्छन् । यी पात्रले मिथिलाको सामाजिक, पारिवारिक तथा प्राकृतिक जीवनका विभिन्न पक्षलाई प्रतिनिधित्व गर्छन् । समाजमा चुक्ली गर्ने र सम्बन्ध बिगार्ने प्रवृत्तिलाई चुगलाले प्रतिनिधित्व गर्छ भने वृन्दावनले वन तथा प्रकृतिसँगको सम्बन्धलाई उजागर गर्छ ।

माटाका सबै आकृति एउटै डालामा राखेर महिलाहरूले गीत गाउँदै नचाउँछन् । गीतका शब्द र भावअनुसार पात्रहरूलाई चलाय मान बनाइन्छ । कतिपय प्रसङ्गमा चुगलाको मुख आगोले पोल्ने र वृन्दावनमा आगो लगाउने अभिन यसमेत गरिन्छ । 'वृन्दावनमे आगि लागल, केओ ने मिझाबे हे' जस्ता गीतले लोकनाट्यलाई थप भावनात्मक बनाउँछन् । सामा-चकेवा माटाका मूर्तिको पूजा मात्र नभई गीत, अभिनय, संवाद र सामूहिक सहभागितामा आधारित मौलिक लोकनाट्य हो । महिलाहरू यसका कलाकार मात्र होइनन्, उनीहरू नै कथाका सूत्रधार र प्रस्तोता पनि हुन् ।

परम्परा र विधिविधान

सामा-चकेवा पर्वको सुरुआतसँगै माटाका विभिन्न पात्र बनाउने काम सुरु हुन्छ । चुगलाको आकृति बनाउन माटोको ढिस्कोसँगै सनपाट प्रयोग गरिन्छ, जसले पछि आगो लगाउन सहज बनाउँछ । त्यसैगरी वृन्दावन बनाउन सुकेको राडी घाँस बाँधेर आकृति तयार गरिन्छ । राति खाना खाइसकेपछि महिलाहरू तथा बालिकाहरू आ-आफ्नो घरबाट दियो बालिएको डाला लिएर निस्कन्छन् । उनीहरू समूहमा भेला भएर गीत गाउँदै सामा-चकेवालगायतका पात्रलाई दुबो टिपेर खान दिन्छन् । शीतलाई पानीको प्रतीक मानेर पात्रहरूलाई खुवाउने परम्परा पनि छ ।

त्यसपछि सबैले आफ्ना डाला गोलाकार रूपमा राखेर गीत गाउँदै वरिपरि घुम्छन् । गीतको क्रमसँगै विभिन्न पात्रको कथा प्रस्तुत गरिन्छ । चुगलाको मुख पोल्ने र वृन्दावनमा आगो लगाउने विधिले लोकनाट्यलाई थप रोचक बनाउँछ । यो क्रम पूर्णिमासम्म हरेक रात दोहोरिन्छ । क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरका अवकाश प्राप्त शिक्षक तथा पुरोहित लालबाबु झाका अनुसार पर्वको अन्तिम दिन बिहानै माटाका आकृतिलाई पुनः रङरोगन गरी सुकाइन्छ । साँझपख दहीचिउरा खुवाएर सामा चकेवाबाट दाजु भाइको फार भराउने र दाजुभाइबाट सामा-चकेवाका आकृति फुटाउन लगाउने परम्परा छ । त्यसपछि दिदीबहिनीहरूले बाजागाजा र गीतनादसहित सामा-चकेवाका आकृतिलाई गाउँबाहिर खेत वा जलाशयमा लगेर विसर्जन गर्छन् । विसर्जनपछि दाजुभाइलाई दहीचिउरा तथा पकवान खुवाएर उनीहरूको दीर्घायु र समृद्धिको कामना गरिन्छ । यसरी पर्वको विधिवत् समापन हुन्छ । क्षीरेश्वर नाथ नगरपालिका-२ की ३२ वर्षीया अनिता यादवका अनुसार छठ पर्वको खरना विधि गरिने दिनदेखि नै सामा-चकेवाको तयारी सुरु हुन्छ । छठको तयारीसँगै महिलाहरूले सामा-चकेवाका लागि आवश्यक माटो, बाँसको डाला, रङ र अन्य सामग्रीको जोहो गर्छन् । उहाँका अनुसार सामा-चकेवा खेल्ने क्रममा गाउँका महिलाहरूबीच भेटघाट, सामूहिकता र आत्मीयता बढ्ने गरेको छ ।

सामा-चकेवा पर्वको उत्पत्तिबारे विभिन्न धार्मिक तथा सांस्कृतिक मान्यता प्रचलित छन् । यसको चर्चा पद्मपुराण र स्कन्दपुराणमा समेत पाइने संस्कृतिविद्हरू बताउँछन् । मैथिली संस्कृतिका जानकार प्राध्यापक अरुण चौधरीका अनुसार प्रचलित पौराणिक कथाअनुसार सामा अर्थात् श्यामा भगवान् कृष्णकी छोरी थिइन् । उनका पति चारुवक्य थिए । उनीहरूबीचको प्रेम र सम्बन्धमा चुगलाले गलत सूचना दिएपछि विवाद उत्पन्न भएको थियो ।

कथाअनुसार चुगलाको कुरा सुनेर भगवान् कृष्णले आफ्नी छोरी श्यामालाई चराको रूप धारण गर्ने श्राप दिएका थिए । आफ्नी बहिनीको अवस्था थाहा पाएपछि उनका दाजु साम्बले बहिनीलाई पूर्ववत् अवस्थामा फर्काउन कठोर तपस्या गरे । उनको तपस्याबाट प्रसन्न भएर कार्तिक पूर्णिमाका दिन बहिनीले पुनः पुरानै स्वरूप प्राप्त गरेको धार्मिक मान्यता छ ।

पत्नी श्यामाको वियोग सहन नसकेर उनका पति चारुवक्य पनि चराको रूप धारण गरी उनीसँगै बस्न थालेको कथामा उल्लेख छ । उनीहरू बसेको वृन्दावनमा विरोधीहरूले आगो लगाएर दुःख दिने प्रयास गरे पनि दाजुको तपस्या र सहयोगबाट अन्ततः उनीहरू पुनः मानव रूपमा फर्किएको किंवदन्ती छ । यसरी सामा-चकेवाको मूल कथामा पति-पत्नीबीचको प्रेम, समर्पण र दाजुभाइको सहयोगको प्रसङ्ग जोडिएको पाइन्छ । कालान्तरमा मौखिक परम्परामार्फत कथाको स्वरूप परिवर्तन हुँदै जाँदा दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम र आत्मीयता नै यस पर्वको मुख्य भावका रूपमा स्थापित भएको संस्कृतिविद्हरूको भनाइ छ ।

पर्वको अन्तिम दिन सामा-चकेवा विसर्जन गरेर फर्किने क्रममा गाइने 'समदाउनी' गीत विशेष भावुक मानिन्छ । यस गीतमार्फत सामालाई अर्को वर्ष पुनः आउने निमन्त्रणा दिँदै बिदाइ गरिन्छ । यसले पर्वको समापनलाई समेत भावनात्मक र सांस्कृतिक महत्व प्रदान गर्छ । सामा-चकेवाका गीतमा जनकपुर र मिथिलाको सामाजिक तथा सांस्कृतिक जीवनका प्रसङ्ग पनि समेटिएका छन् । यसले मिथिलाको ऐतिहासिक पहिचान, स्थानीय जीवनशैली र लोकसंस्कृतिको समृद्धिलाई उजागर गर्छ ।

नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने सांस्कृतिक सम्पदा

मिथिलाञ्चलमा सामा-चकेवा पर्वले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धलाई आत्मीय बनाउनुका साथै सामूहिकता, सहकार्य र सांस्कृतिक एकतालाई पनि बलियो बनाउँदै आएको छ । विशेषगरी महिलाहरूको सक्रिय सहभागितामा मनाइने यो पर्वले उनीहरूलाई आफ्नो कला, सिर्जनशीलता र सांस्कृतिक पहिचान प्रस्तुत गर्ने अवसर प्रदान गर्छ ।

माटाका आकृति, बाँसको डाला, दियो, लोकगीत र सामूहिक नृत्यको माध्यमबाट प्रस्तुत हुने सामा-चकेवा मिथिलाको अमूर्त सांस्कृतिक सम्पदाको महत्वपूर्ण उदाहरण हो । यसले केवल दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धको कथा मात्र सुनाउँदैन, समाजमा प्रेम, सद्भाव, सहअस्तित्व र पारिवारिक एकताको सन्देशसमेत प्रवाह गर्छ ।

आधुनिकताको प्रभावसँगै परम्परागत लोकगीत र सांस्कृतिक अभ्यासहरू ओझेलमा पर्न सक्ने अवस्थामा सामा-चकेवाजस्ता पर्वको संरक्षण र प्रवर्द्धन आवश्यकता रहेको देखिन्छ ।

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौ

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

कर्मवादमार्फत देशलाई समृद्धिको बाटोमा लैजानुपर्छ : अध्यक्ष दाहाल

काठमाडौँ । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले कर्मवाद मार्फत देशलाई समृद्धिको बाटोमा लैजानुपर्ने बताउनुभएको छ ।

पत्रकार कृष्ण अधिकारीद्वारा लिखित 'कर्मवाद, चिन्तन र अभ्यास' पुस्तकको आइतबार विमोचन गर्दै अध्यक्ष दाहालले अतिवाद त्यागेर कर्मवादमार्फत देशलाई समृद्धिको बाटोमा लैजानुपर्ने बताउनुभएको हो । उहाँले 'कर्मवाद, चिन्तन र अभ्यास' पुस्तकले मानव जीवनमा कर्म, श्रम, नैतिकता, अनुशासन तथा सामाजिक उत्तर दायित्वको महत्वलाई दार्शनिक र व्यावहारिक दृष्टिकोणबाट उजागर गरेको उल्लेख गर्नुभयो ।

कृतिले विभिन्न विचा-रोत्तेजक भावना, ऐतिहासिक कालखण्डका व्यक्तित्वको विचार, विभिन्न सम्प्रदाय, आस्था तथा दर्शनलाई समेटिएको अध्यक्ष दाहालको भनाइ थियो । वैचारिक, दार्शनिक र भावनात्मक पक्षलाई समेटेर तयार पारिएको पुस्तकले व्यक्ति, समाज र राष्ट्र निर्माणमा कर्मको भूमिकालाई विशेष प्राथमिकता दिएको उहाँले बताउनुभयो ।

पुस्तकले कर्मलाई केवल व्यक्तिगत सफलता प्राप्त गर्ने माध्यमका रूपमा मात्र नभई सामाजिक दायित्व निर्वाह गर्ने आधारका रूपमा व्याख्या गरेको अध्यक्ष दाहालको भनाइ थियो । भौतिक तथा मानसिक श्रम विना जीवन र समाजको विकास सम्भव नहुने उहाँले बताउनुभयो ।

अध्यक्ष दाहालले मानिस जन्मिएदेखि मृत्युसम्म कुनै न कुनै कर्ममा सङ्लग्न रहने भएकाले जीवनको प्रत्येक गतिविधि कर्मसँग जोडिएको उल्लेख गर्नुभयो । गतिशीलता विना विकास सम्भव नहुने र श्रम तथा निरन्तर प्रयासबाट मात्रै व्यक्ति, समाज र राष्ट्रमा सकारात्मक रूपान्तरण ल्याउन सकिने विषयलाई पुस्तकले जोड दिएको उहाँले बताउनुभयो ।

नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले समाजको हितका लागि कर्मलाई अगाडि बढाउनुपर्ने बताउनुभयो । उहाँले नकारात्मक सोच, घृणा र द्वेष फैलाउने मनस्थितिमा हाम्रो समाज अगाडि बढिरहेको अवस्थामा कर्मवादको ठूलो महत्व रहेको उल्लेख गर्नुभयो ।

यस क्रममा पछिल्लो समय समाजमा कर्मभन्दा कुरा ठूलो हुने, जिम्मेवारीभन्दा अधिकारको खोजी बढी गर्ने तथा इमानदार प्रयास र निरन्तर परिश्रमभन्दा छोटो बाटोबाट सफलता प्राप्त गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता रामेश्वर फुँयालले कर्मवाद, नैतिकता, अनुशासन, परिश्रम र उत्तरदायित्वका विषयमा समाजमा गम्भीर बहस तथा चिन्तन आवश्यक भएको बताउनुभयो । व्यक्तिको व्यवहार र कार्यशैलीमा सकारात्मक परिवर्तन नआएसम्म समाजको समग्र रूपान्तरण सम्भव नहुने उहाँको भनाइ थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नेत्री एवं साहित्यकार सत्या अधिकारीले कुनै पनि कुरा आफैँमा खराब नभई गलत कर्म खराब भएकाले असल कर्म गर्न सबै लाग्नुपर्ने बताउनुभयो । उहाँले पढे मात्र कृति सफल हुने भएकाले उक्त कृति सबैलाई पढ्न आग्रह गर्नुभयो । नेपाल सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटा, भुँडिपुराण प्रकाशनका प्रबन्ध निर्देशक केशवप्रसाद पराजुली लगायतले पछिल्लो समय पठन संस्कृति हराउँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो ।

सिमसार क्षेत्रमा हिउँदे आगन्तुक चराको सङ्ख्या घट्दै

मोरङ । नेपाल घुमन्ते तथा आगन्तुक चराचुरुङ्गीका लागि महत्वपूर्ण गन्तव्य भए पनि पछिल्लो समय सिमसार क्षेत्रको विनाश र मानवीय हस्तक्षेपका कारण हिउँदे चराको सङ्ख्या चिन्ताजनक रूपमा घट्दै गएको छ । 'बर्ड कञ्जरभेसन' नेपालका अनुसन्धान अधिकृत आनन्दकुमार श्रेष्ठका अनुसार नेपालमा करिब १५० प्रजातिका आगन्तुक चरासहित ९०२ भन्दा बढी प्रजातिका चराहरू अभिलेख गरिएका छन् । विभिन्न उचाइ र भौगोलिक क्षेत्रमा मौसमी बसाइँ सराइ गर्ने यी चराहरूमध्ये कोकिल, कोइली, फ्लाइक्याचरलगायत प्रजातिहरू प्रजननका लागि गर्मीयाममा नेपाल आइपुग्ने र साइबेरिया लगायत हजारौँ किलोमिटर टाढाका क्षेत्रबाट हिउँद छल्न विभिन्न प्रजातिका पानीचरा जाडोयाममा यहाँ आउने गरेका उहाँले जानकारी दिनुभयो ।

हिउँदमा नेपाल आउने सामान्य आगन्तुक चराहरूमा रुद्र चखेवा, नाडेउरी हाँस, सुरेउरी हाँस, नकटा, सुनजघे हाँस, लालसिर हाँस र गोन्डर जस्ता हाँसका प्रजातिका रहेका श्रेष्ठले जानकारी दिनुभयो । यसबाहेक जलेवा, खोया हाँस र लक्ष्मण सारस लगायतका पानीचरा तथा स्टेप्प इगल, इर्सियन मार्स ह्यारियर, हिमाली बजार्ड र बुटेड इगलजस्ता सिकारी चराहरू पनि जाडोयाममा नेपाल भित्रिन्छन् ।

त्यसैगरी, सिमसार र नदीकिनारहरू कमन स्यान्डपाइपर, कमन स्निप, खैरो टाउके (ल्यापविङ), केन्टिस प्लोवर, कमन ग्रिनस्याङ्क र कालो टाउके (गल) जस्ता जलपक्षी तथा तटवर्ती चराका लागि महत्वपूर्ण बासस्थान बनेका छन् । अनुसन्धान अधिकृत श्रेष्ठका अनुसार बाक्लो बिल भएको (वार्बलर), डस्की वार्बलर, कालो कण्ठे (थ्रस), भित्तेचरा, साइबेरियन (रुबीथ्रोट) र पहँलो छाती भएको बन्टिङ पनि यहाँ देखिने प्रमुख हिउँदे पाहुना चरा हुन् ।

विशेषगरी खोया हाँस सगरमाथा आसपासको अत्यधिक उचाइबाट उडेर हिमाल पार गर्नसक्ने अनौठो क्षमताका लागि प्रसिद्ध मानिने उहाँले जानकारी दिनुभयो । धेरैजसो घुमन्ते चराले प्रमुख नदी प्रणाली र उपत्यकालाई मुख्य उडान मार्गका रूपमा प्रयोग गर्छन् । कीरा तथा हानिकारक जीवको नियन्त्रण, बीउ फैलावट र पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम राख्न यी चराको भूमिका अहम् हुने उहाँको भनाइ छ ।

सिमसार क्षेत्रको ह्रास, नदी तथा तालहरूको स्वरूपमा फेर बदल, प्रदूषण, अत्यधिक सिकार, मानवीय हस्तक्षेप र कीटनाशक औषधिको व्यापक प्रयोगले घुमन्ते चराहरूको अस्तित्वमाथि गम्भीर खतरा निम्त्याएको अनुसन्धान अधिकृत श्रेष्ठले बताउनुभयो ।

बर्ड कञ्जरभेसन नेपालले सम्बद्ध सरकारी निकाय र स्थानीय सरोकार भएका निकाउका प्रतिनिधि सँगको सहकार्यमा चराको सङ्ख्या अनुगमन गर्न प्रत्येक वर्ष जनवरी महिनामा देशैभरका सिमसार क्षेत्रहरूमा हिउँदे पानीचरा गणना गर्दै आएको छ । सर्वेक्षणको तथ्याङ्क प्रस्तुत गर्दै श्रेष्ठले भन्नुभयो, "काठमाडौँ उपत्यकाको टौदह पोखरीमा हिउँदका समयमा पहिले ४०० देखि ५०० को सङ्ख्यामा हाँसहरू आउने गरेकामा अहिले घटेर जम्मा १०० देखि १५० मा सीमित भएका छन् ।"

त्यसैगरी, कुनै समय दसौँ हजार पानीचरा आउने जगदीशपुर जलाशयमा अहिले दुई हजारदेखि तीन हजार हाराहारीमा मात्रै हाँसहरू देखिने गरेका अनुसन्धान अधिकृत श्रेष्ठले बताउनुभयो ।

"नेपाल केन्द्रीय एसियाली उडान मार्ग अन्तर्गत पर्दछ, जसले विभिन्न देशका प्रजनन् र हिउँदे बासस्थान लाई जोड्ने महत्वपूर्ण मार्गको काम गर्छ", उहाँले भन्नुभयो । घुमन्ते चराले अन्तरराष्ट्रिय सीमा पार गर्ने हुनाले उनीहरूको संरक्षण स्थानीय वा राष्ट्रियस्तरको छिटपुट प्रयासबाट मात्र सम्भव नहुने भन्दै अनुसन्धान अधिकृत श्रेष्ठले यसका लागि उडान मार्गमा पर्ने सम्पूर्ण देशहरूबीच आपसी सहयोग आवश्यक रहने उल्लेख गर्नुभयो । बर्डलाइफ इन्टरनेसनलले उडान मार्ग संरक्षणका लागि अन्तरराष्ट्रिय सहकार्य सुदृढ गर्न काम गर्दै आएको छ भने नेपाल सरकारको सहकार्यमा देशैभर ४२ वटा महत्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र पहिचान गरी स्थापना गर्न योगदान पुर्याएको छ ।

केन्द्रीय एसियाली उडान मार्गअन्तर्गत नेपालमा कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज गरी तीनवटा प्राथमिकता प्राप्त क्षेत्रहरू रहेका छन् ।

बिग्रिएका सिमसार क्षेत्रको पुनःस्थापना, प्राकृतिक नदी प्रणालीको जगेर्ना, प्रदूषण तथा सिकार नियन्त्रण, दिगो कृषि अभ्यासको प्रवर्द्धन र समुदायको सहभागिता अभिवृद्धि गर्नसकेमात्र घुमन्ते चराले आफ्नो यात्राभरि सुरक्षित बासस्थान पाउनसक्ने अनुसन्धान अधिकृत श्रेष्ठले जानकारी दिनुभयो ।

सेतो हेरोइनसहित भारतीय नागरिक पक्राउ

काठमाडौँ । नेपाल प्रहरीले साढेपाँच किलो सेतो हेरोइनसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ । प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोको टोलीले साढेपाँच किलो सेतो हेरोइनसहित अन्तरराष्ट्रिय लागु औषध गिरोहका मुख्य व्यक्तिलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

ब्यूरोको टोलीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल गौचरबाट लागुऔषध ओसारपसारमा सङ्लग्न थाइल्याण्डबाट नेपाल आएका भारत महाराष्ट्रका ५२ वर्षीय रेवराज तिघारेलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

ब्यूरोका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुवासचन्द्र बोहोराले पक्राउ परेका तिघारे लागुऔषध कारोबारको अन्तरराष्ट्रिय सञ्जालका मुख्य व्यक्ति रहेको अनुसन्धानका क्रममा खुलेको राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रहरीले जाँचका क्रममा निजले साथमा ल्याएको लगेजभित्र बिरालोको खानाको प्याकेटमा लुकाएर राखिएको उक्त मात्राको सेतो हेरोइन बरामद गरेको हो । बरामद गरिएको हेरोइनको नेपाली बजार मूल्य प्रतिग्राम रु ४० हजारका दरले करिब रु २२ करोड पर्ने ब्यूरोले जनाएको छ । उक्त हेरोइन भारत पुर्याएपछि त्यहाँको बजारमा अझै महँगो मूल्यमा बिक्री हुने गरेको ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक बोहोराले बताउनुभयो ।

पक्राउ परेका तिघारे यसअघि पनि लाओस हुँदै नेपाल दुई पटक आएका र नेपालबाट भारतसम्म लागुऔषध पुर्याउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उहाँले बताउनुभयो । प्रहरीले पक्राउ परेका व्यक्तिको साथबाट मेकानिकल इञ्जिनियरिङको प्रमाणपत्रसमेत बरामद गरेको छ ।

तिघारेलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम थप अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ । उक्त ऐनअनुसार बरामद लागुऔषधको परिमाण र कसुरको प्रकृतिका आधारमा १५ वर्षदेखि जन्मकैदसम्मको सजाय र रु पाँच लाखदेखि रु २५ लाखसम्म जरिवाना हुन सक्ने कानुनी व्यवस्था रहेको ब्यूरोले जनाएको छ ।

स्वरसम्राट नारायणगोपाल स्मृति विशेष सम्मान र पुरस्कार घोषणा

काठमाडौँ । नारायणगोपाल सङ्गीत कोषले नृत्यकार भैरवबहादुर थापालाई विशेष सम्मानबाट सम्मानित गर्ने भएको छ । सम्मानको राशि रु ५५ हजार ५५५ रहेको छ ।

सो अवसरमा स्वरसम्राट नारायण गोपालको ३६औँ स्मृति दिवसका अवसरमा आगामी मङ्सिर १९ गते गरिने स्रष्टा सम्मान, पुरस्कार वितरण तथा साङ्गीतिक कार्यक्रममा नृत्यकार थापालाई नृत्य विधातर्फ विशेष सम्मान प्रदान गर्ने निर्णय गरिएको हो । कोषका अनुसार वाङ्मय र कलाका विभिन्न विधालाई समेट्दै नेपाली साङ्गीतिक क्षेत्रको समग्र योगदानको कदर गर्ने उद्देश्यले यस वर्ष नृत्य विधाका मूर्धन्य कलाकार थापालाई सम्मान गर्न लागिएको कोषका अध्यक्ष दीपक केसीद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यसैगरी, यस वर्षको नारायणगोपाल सङ्गीत सम्मान गायनतर्फ प्रकाश श्रेष्ठ, सङ्गीततर्फ भूपेन्द्र रायमाझी र गीत रचनातर्फ प्रमोद दुङ्गानालाई प्रदान गरिने कोषका अध्यक्ष केसीले जानकारी दिनुभयो । यी पुरस्कारको राशि जनही रु ५१ हजार रहेको छ ।

भक्तपुरमा तराईको झल्को, झकिझकाउ पोखरी र खोला: मनाइयो छठ

भक्तपुर । आइतबार मिरमिरे साँझ भक्तपुर नगरपालिका-१० कमल विनायकस्थित कमलपोखरी बत्तीले झकिझकाउ छ । ठूलो पोखरीको वरिपरि बत्तीले झिलिमिली र छेउमा पाल टाँगिएको स्थानमा व्रतालुको भीड देखिन्छ। बाँकी तीन छेउ वरपर पाला अर्थात् दियो बालिएका छन् ।

तराईको झल्को दिने गरी दुलहीझै सिँगारिएर झकिझकाउ बनाइएको कमलपोखरीसहित आसपासका पोखरीमा छठ मनाउन तराईवासीसँगै भक्तपुरका स्थानीय पनि सहभागी भएका छन् । तराई क्षेत्रमा मनाइने छठ पर्व उपत्यकाको सहर भक्तपुरमा पनि हर्षोल्लासका साथ मनाइएको छ। आज अस्ताउँदो सूर्यलाई अर्घ दिएर रातभर जाग्राम बस्नेले कमलपोखरी क्षेत्र उत्सवमय बनेको छ ।

भक्तपुरमा तराई-मधेसका समुदायकासँगै मिलेर भक्तपुरवासीले पनि संस्कृति र परम्पराअनुसार पूजाआराधनासहित छठ मनाएका छन् । आज साँझ छठ मनाएर रातभर जाग्राम बसेर भोलि बिहान व्रतालुले उदाउँदो सूर्यलाई अर्घ दिएर पूजा सम्पन्न गरी चार दिनको छठ पर्व सम्पन्न गर्ने तयारी गरिएको छ । भक्तपुरमा बस्दै आउनुभएका तराईवासीले कमल पोखरीमा छठ पर्व मनाएको यो पहिलो वर्ष भने होइन । सर्लाहीबाट भक्तपुरको कमलविनायकमा व्यवसाय गरेर बस्दै आउनुभएका छठ पर्व आयोजक समितिका संयोजक लक्ष्मण रौनियार ले विगत १२ वर्षदेखि यहाँ छठ मनाउनका लागि व्यवस्थापन गर्दै आएको बताउनुभयो । पर्वका लागि आज पोखरीलाई सजाएर झकि-झकाउ बनाइएको छ भने साँझ व्रतालुले अस्ताउँदो सूर्यको पूजाआराधना गरी अर्घ दिएर छैठी देवीको पूजा गरेर पर्व मनाएका उहाँले जानकारी दिनुभयो । यसैबीच बालकोट, कौशल्टारदेखि मध्यपुर थिमिमा बसोबास गर्दै आएका तराईवासीले भने भक्तपुरको बालकोट र ललितपुरको टीकाथलीको सिमाना मा रहेको गोदावरी खोलामा छठ मनाएका छन् । यहाँ छठको व्यवस्थापन गर्दै आउनुभएका दशरथ ठाकुरले तीन दिनदेखि खोला सफाइ गरी आज किनारामा सजिसजाउ र झकिझकाउ बनाएर पर्व मनाइएको बताउनुभयो । उहाँका अनुसार यहाँ २०० भन्दा बढी परिवारले आज अस्ताउँदो सूर्यलाई अर्घ दिएर रातभर जाग्राम बस्नेछन् । बालकोटमा तयारी पोसाकको व्यवसाय गर्दै आउनु भएकी सुभद्रा साहले विगत पाँच वर्षदेखि गोदावरी खोला किनारामा छठ पर्व मनाउँदै आएको जनाउँदै छठमा घर जान नपाउनेहरूका लागि यहाँको व्यवस्थापनले सजिलो बनाएको बताउनुभयो । विशेष गरेर तराईवासीले हर्षोल्लासका साथ मनाउने छठ पर्व आज भक्तपुरमा सबै धर्मावलम्बीले सामूहिक रूपमा मिलेर सहयोग गरेर मनाइरहेका स्थानीय कमल श्रेष्ठले बताउनुभयो । समितिका संयोजक रौनियारले विभिन्न धर्म, जातका मानिसको सहयोग र साथ रहेको बताउनुभयो । विगतका वर्षमा १०० परिवार पनि नहुनेमा यस वर्ष २०० भन्दा बढी परिवारले यहाँ छठ मनाएका उहाँले जानकारी दिनुभयो । पर्वको मुख्य विशेषता अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई जलाशयमा उभिएर अर्घ दिएर पूजा सम्पन्न गर्नु हो । छठ मनाउन पोखरी पुग्नुभएकी शान्ता महतोले पुत्र, पति र परिवारको कल्याणको कामना गर्दै यो पर्व परिवारका सबै सदस्य तथा समूहमा मनाइएको बताउनुभयो । पर्वको क्रममा पहिलो दिन कार्तिक शुक्ल चतुर्दशीका दिन नहाय खाय (नुहाएर चोखो भई शुद्ध शाकाहारी भोजन खाने), दोस्रो कार्तिक पञ्चमीका दिन खरना पूजा गर्ने र यस दिन व्रतालुहरू स्नान गरेर दिनभरि उपवास बसी आत्मशुद्धि गर्ने, पञ्चमीका दिन व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाइ प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यहरूलाई खुवाउने गर्छन् ।

वैभवीलाई थाइल्यान्डमा दुई पदक

काठमाडौँ । तेक्वान्दो खेलाडी वैभवी सापकोटाले थाइल्यान्डमा सम्पन्न बैंकक खुल्ला अन्तरराष्ट्रिय तेक्वान्दो प्रतियोगितामा नेपाललाई दुई पदक दिलाएकी छिन् । नेपालबाट एकमात्र सहभागी खेलाडी वैभवीले क्योरुगी विधामा रजत र पुम्से विधामा कास्य पदक दिलाएकी हुन् । बैंककस्थित फेसन आइल्याण्डको स्पोर्ट्स हलमा भएको उक्त प्रतियोगितामा ११ वर्षीया वैभवी क्योरुगीमा थाइल्यान्ड की खेलाडीसँगको प्रतिस्पर्धात्मक खेलमा पराजित भइन् । त्यस्तै, पुम्से विधामा ३५ सहभागी खेलाडीमाझ भएको प्रतिस्पर्धामा वैभवीले कास्य पदक प्राप्त गरेकी हुन् ।

नारायणीमा महोत्सवको झल्को दिने छठ पर्व

नारायणगढ (चितवन), २९ कात्तिक: गत असोजमा आएको बाढीले क्षतिग्रस्त बनाएको नारायणगढस्थित नारायणी नदी किनार आइतबार बेहुलीझैं सिँगारिएको छ। छठ पूजाका लागि झिलिमिली बत्ती, आकर्षक स्वागत द्वार, पूजाका लागि बनाइएका सजावटयुक्त पाल र विभिन्न पूजा मण्डपले नारायणी किनारलाई उत्सवमय बनाएको छ।

नारायणी नदी किनारमा साँझपख व्रतालु तथा भक्तजनको बाक्लो भीड लागेको छ । नदी किनारमा बनाइएका पालमा व्रतालुहरू पूजा आराधनामा व्यस्त छन् भने कतिपयले अस्ताउँदो सूर्यलाई अर्घ दिएका छन् । नदीको गहिराइतर्फ जान नदिन सुरक्षाकर्मी परिचालन गरिएको छ । नदी किनारको माथिल्लो भागमा बनाइएको मञ्चबाट पूजासम्बन्धी धार्मिक मन्त्रोच्चारण भइरहेको छ। समग्रमा नारायणी किनारको वातावरण उल्लासमय बनेको छ।

नारायणी किनारमा यस वर्ष छठ पर्व मनाउन तराईवासीसँगै पहाडी समुदायका भक्तजनको पनि उल्लेख्य सहभागिता देखिएको छ । तराई सामुदायिक सेवा समिति नारायणगढको आयोजनामा भएको छठ पूजाका लागि यसपालि आकर्षक स्वागतद्वार, झिलिमिली पाल तथा आकर्षक मूर्ति राखिएका छन् । समितिका अध्यक्ष जयकिशोर पाण्डेयका अनुसार यस वर्ष छठ पूजामा १० हजारभन्दा बढी भक्तजन सहभागी हुने अनुमान गरिएकामा अपेक्षाभन्दा बढी भक्तजन आएका छन् । गत वर्षको तुलनामा यस वर्ष भक्तजनको सङ्ख्या बढेको उहाँले बताउनुभयो । पूजा व्यवस्थापनका लागि भरतपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी तथा ट्राफिक प्रहरीसँग समन्वय गरिएको उहाँले जानकारी दिनुभयो। समितिले आफ्नै तर्फबाट पनि सुरक्षागार्ड परिचालन गरेको र अहिलेसम्म शान्तिपूर्ण वातावरण मा पूजा भइरहेको उहाँको भनाइ छ।

उहाँका अनुसार कतिपय व्रतालु आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएर रातभर जाग्राम बस्नेछन् भने कतिपय भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिन पुनः नदी किनारमा आउनेछन् । भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर पूजा सम्पन्न गरेपछि चार दिनसम्म मनाइने छठ पर्व समापन हुनेछ।

पर्वको मुख्य विशेषता जलाशयमा उभिएर अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई अर्घ दिइ पूजा गर्नु हो । छठ पर्व प्रकृति र पञ्चतत्वको पूजासँग जोडिएको अध्यक्ष पाण्डेयले बताउनुभयो। सूर्य, जल, माटो, वायु र आकाशको महत्व दर्शाउने यस पर्वमा नदी तथा जलाशयमा पुगेर पूजा र अर्घदान गर्ने धार्मिक परम्परा रहेको उहाँको भनाइ छ । नारायणी, त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल भएकाले नारायणी नदी किनारमा छठ पूजाको विशेष धार्मिक महत्व रहेको उहाँले बताउनुभयो । यहाँ काठमाडौँ लगायत देशका विभिन्न स्थानबाट समेत भक्तजन आएर पूजा गर्ने गरेको उहाँले जानकारी दिनुभयो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले नारायणी किनारमा यस वर्ष हर्षोल्लासका साथ छठ पर्व मनाइएको बताउनुभयो । साँझ छठ पूजास्थल पुग्नुभएका उहाँले पूजामा सहभागी भई भक्तजनलाई उत्साहका साथ पर्व मनाउन शुभकामना दिनुभयो। उहाँले भन्नुभयो, “आइतबार यहाँ निकै भक्तजन आएको देखेँ। तराईमा पनि यस किसिमको देखेको थिइन्।” उहाँले शान्ति र सद्भाव कायम राख्दै परम्पराअनुसार उत्साहका साथ छठ मनाउन सबैलाई आग्रह गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले नारायणी नदी छठ पर्व मनाउने प्रमुख गन्तव्य भएकाले सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै सुरक्षा तथा ट्राफिक व्यवस्थापन मा प्रहरी परिचालन गरिएको बताउनुभयो । उहाँले नदी किनारमा प्रहरी सहायता कक्ष स्थापना गरी पर्वलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन सहयोग गरिने जानकारी दिनुभयो । नदीमा हुनसक्ने दुर्घटना न्यूनीकरणका लागि डुङ्गालगायत उद्धार उपकरण तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो । नारायणी किनारसँगै जिल्लाका विभिन्न नदी तथा तलाउमा पनि छठ पर्व मनाइँदैछ।

सिमसार क्षेत्रमा हिउँदे आगन्तुक चराको सङ्ख्या घट्दै

मोरङ । नेपाल घुमन्ते तथा आगन्तुक चराचुरुङ्गीका लागि महत्वपूर्ण गन्तव्य भए पनि पछिल्लो समय सिमसार क्षेत्रको विनाश र मानवीय हस्तक्षेपका कारण हिउँदे चराको सङ्ख्या चिन्ताजनक रूपमा घट्दै गएको छ। 'बर्ड कञ्जरभेसन' नेपालका अनुसन्धान अधिकृत आनन्दकुमार श्रेष्ठका अनुसार नेपालमा करिब १५० प्रजातिका आगन्तुक चरासहित ९०२ भन्दाबढी प्रजातिका चराहरू अभिलेख गरिएका छन् । विभिन्न उचाइ र भौगोलिक क्षेत्रमा मौसमी बसाइँ सराइ गर्ने यी चराहरूमध्ये कोकिल, कोइली, फ्लाइक्याचरलगायत प्रजातिहरू प्रजननका लागि गर्मीयाममा नेपाल आइपुग्ने र साइबेरियालगायत हजारौँ किलो मिटर टाढाका क्षेत्रबाट हिउँद छल्न विभिन्न प्रजातिका पानीचरा जाडोयाममा यहाँ आउने गरेका उहाँले जानकारी दिनुभयो ।

हिउँदमा नेपाल आउने सामान्य आगन्तुक चराहरूमा रुद्र चखेवा, नाडेउरी हाँस, सुरेउरी हाँस, नकटा, सुनजघे हाँस, लालसिर हाँस र गोन्डर जस्ता हाँसका प्रजातिका रहेका श्रेष्ठले जानकारी दिनुभयो । यसबाहेक जलेवा, खोया हाँस र लक्ष्मण सारस लगायतका पानीचरा तथा स्टेप्प इगल, इर्सियन मार्स ह्यारियर, हिमाली बजार्ड र बुटेड इगलजस्ता सिकारी चराहरू पनि जाडोयाममा नेपाल भित्रिन्छन् ।

त्यसैगरी, सिमसार र नदीकिनारहरू कमन स्यान्डपाइपर, कमन स्निप, खैरो टाउके (ल्यापविङ), केन्टिस प्लोवर, कमन ग्रिनस्याङ्क र कालो टाउके (गल) जस्ता जलपक्षी तथा तटवर्ती चराका लागि महत्वपूर्ण बासस्थान बनेका छन् । अनुसन्धान अधिकृत श्रेष्ठका अनुसार बाक्लो बिल भएको (वार्बलर), डस्की वार्बलर, कालो कण्ठे (थ्रस), भित्तेचरा, साइबेरियन (रुबीथ्रोट) र पहँलो छाती भएको बन्टिङ पनि यहाँ देखिने प्रमुख हिउँदे पाहुना चरा हुन् ।

विशेषगरी खोया हाँस सगरमाथा आसपासको अत्यधिक उचाइबाट उडेर हिमाल पार गर्नसक्ने अनौठो क्षमताका लागि प्रसिद्ध मानिने उहाँले जानकारी दिनुभयो । धेरैजसो घुमन्ते चराले प्रमुख नदी प्रणाली र उपत्यकालाई मुख्य उडान मार्गका रूपमा प्रयोग गर्छन् । कीरा तथा हानिकारक जीवको नियन्त्रण, बीउ फैलावट र पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम राख्न यी चराको भूमिका अहम् हुने उहाँको भनाइ छ । सिमसार क्षेत्रको ह्रास, नदी तथा तालहरूको स्वरूपमा फेरबदल, प्रदूषण, अत्यधिक सिकार, मानवीय हस्तक्षेप र कीटनाशक औषधिको व्यापक प्रयोगले घुमन्ते चराहरूको अस्तित्वमाथि गम्भीर खतरा निम्त्याएको अनुसन्धान अधिकृत श्रेष्ठले बताउनुभयो ।

बर्ड कञ्जरभेसन नेपालले सम्बद्ध सरकारी निकाय र स्थानीय सरोकार भएका निकाउका प्रतिनिधि सँगको सहकार्यमा चराको सङ्ख्या अनुगमन गर्न प्रत्येक वर्ष जनवरी महिनामा देशैभरका सिमसार क्षेत्रहरूमा हिउँदे पानीचरा गणना गर्दै आएको छ। सर्वेक्षणको तथ्याङ्क प्रस्तुत गर्दै श्रेष्ठले भन्नुभयो, “काठमाडौँ उपत्यकाको टौदह पोखरीमा हिउँदका समयमा पहिले ४०० देखि ५०० को सङ्ख्यामा हाँसहरू आउने गरेकामा अहिले घटेर जम्मा १०० देखि १५० मा सीमित भएका छन् ।” त्यसैगरी, कुनै समय दसौँ हजार पानीचरा आउने जगदीशपुर जलाशयमा अहिले दुई हजारदेखि तीन हजार हाराहारीमा मात्रै हाँसहरू देखिने गरेका अनुसन्धान अधिकृत श्रेष्ठले बताउनुभयो । “नेपाल केन्द्रीय एसियाली उडान मार्गअन्तर्गत पर्दछ, जसले विभिन्न देशका प्रजनन् र हिउँदे बासस्थानलाई जोड्ने महत्वपूर्ण मार्गको काम गर्छ”, उहाँले भन्नुभयो ।

घुमन्ते चराले अन्तरराष्ट्रिय सीमा पार गर्ने हुनाले उनीहरूको संरक्षण स्थानीय वा राष्ट्रियस्तरको छिटपुट प्रयासबाट मात्र सम्भव नहुने भन्दै अनुसन्धान अधिकृत श्रेष्ठले यसका लागि उडान मार्गमा पर्ने सम्पूर्ण देशहरूबीच आपसी सहयोग आवश्यक रहने उल्लेख गर्नुभयो ।

बर्डलाइफ इन्टरनेसनलले उडान मार्ग संरक्षणका लागि अन्तरराष्ट्रिय सहकार्य सुदृढ गर्न काम गर्दै आएको छ भने नेपाल सरकारको सहकार्यमा देशैभर ४२ वटा महत्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र पहिचान गरी स्थापना गर्न योगदान पुर्याएको छ। केन्द्रीय एसियाली उडान मार्गअन्तर्गत नेपालमा कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज गरी तीनवटा प्राथमिकता प्राप्त क्षेत्रहरू रहेका छन् ।

बिग्रिएका सिमसार क्षेत्रको पुनःस्थापना, प्राकृतिक नदी प्रणालीको जगेर्ना, प्रदूषण तथा सिकार नियन्त्रण, दिगो कृषि अभ्यासको प्रवर्द्धन र समुदायको सहभागिता अभिवृद्धि गर्नसकेमात्र घुमन्ते चराले आफ्नो यात्राभरि सुरक्षित बासस्थान पाउनसक्ने अनुसन्धान अधिकृत श्रेष्ठले जानकारी दिनुभयो ।

सप्तरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै छठ मनाइयो

सप्तरी । सप्तरीमा छठ पर्वको तेस्रो दिन आइतबार (हिजो) साँझ व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका छन्। राजविराजस्थित भगवती, कल्टुदास, झल्ही, तुरन्ती र तेतरी गाछीलगायत जिल्लाका विभिन्न पोखरी, नदी तथा जलाशयमा भेला भएका व्रतालुले विधिपूर्वक सूर्यको पूजा आराधना गर्दै अर्घ्य दिएका हुन्।

छठ पर्वका अवसरमा जलाशयका घाटलाई आकर्षक रूपमा सिँगारिएको थियो। शुक्रबार नहाय-खाय विधिबाट सुरु भएको पर्वको दोस्रो दिन शनिबार व्रतालुले दिनभर उपवास बसेर राति खरना विधि पूरा गरेका थिए।

त्यसपछि आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिने विधिलाई मिथिलाञ्चलमा 'सझिया अरख' भनिन्छ। छठका लागि व्रतालु तथा परिवारका सदस्यले घरमै ठेकुवा, भुसुवा, खजुरी र पुडुकियालगायत परिकार तयार गरी नरिवल, फलफूल,



मिठाइ र उखुसहितका सामग्री कोनिया, ढक्की तथा नाङ्लोमा सजाएर घाटमा लैजाने गर्छन् । राजविराज नगरपालिका-२ की व्रतालु पुनम देवले परिवारका सदस्यले पूजाका सामग्री घाटमा पुर्याएर अस्ताउँदो सूर्यलाई अर्घ्य दिइएको बताउनुभयो।

व्रतालु रातभर घाटमै बसेर छठी माताको पूजा आराधना तथा भक्ति गीत गाउने परम्परा छ। पर्वको अन्तिम दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि चारदिने छठ पर्व सम्पन्न हुनेछ । बिहानको यस विधिलाई मिथिलाञ्चलमा 'भोरका अरख' वा 'पारन' भनिन्छ।

सूर्यदेव र छठी माताको आराधना गर्दा मनोकामना पूरा हुने, परिवारमा सुख, शान्ति र समृद्धि छाउने तथा सन्तान सुख प्राप्त हुने धार्मिक विश्वास रहेको राजदेवी मन्दिरका पुजारी भोलानाथ चौधरीले बताउनुभयो।

दमौलीमा छठ पर्व मनाइयो

दमौली । तनहुँको सदरमुकाम दमौलीमा आइतबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाइएको छ। व्यास नगरपालिका-३ स्थित मादी नदी किनारमा आज पूजाआजा गरी अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाइएको हो। दमौलीमा विगत २५ वर्षदेखि छठ पर्व मनाउँदै आउनुभएका मुन्ना कुमारले चार दिनदेखि चोखो बसेर आइतबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिने पर म्परा रहेको जानकारी दिनुभयो। यस्तै भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व समापन हुनेछ । उहाँका अनुसार २५ घरपरिवारले यहाँ छठ पर्व मनाएका छन् । विगतका वर्षमा उक्त सङ्ख्या धेरै हुने भए पनि अहिले बाटो सहज भएकाले कतिपय व्यक्तिहरु आफ्नै घर गएर छठ पर्व मनाएको उहाँले बताउनुभयो। छठ पर्व श्रद्धा र भक्तिपूर्वक मनाउँदा पारिवारिक कल्याण, सन्तान सुख तथा मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको सुरेश साहले बताउनुभयो । सूर्यको आराधना गरी मनाइने छठ पर्वले मानवजीवन र प्रकृतिबीचको सम्बन्धलाई समेत उजागर गर्छ।

उपराष्ट्रपतिद्वारा कुपोन्डोल र सानेपा राजतीर्थमा छठ पूजा

ललितपुर। उपराष्ट्रपति रामसहाय प्रसाद यादवले छठ पर्वको मुख्य दिन आइतबार साँझ ललितपुरको कुपोन्डोल र सानेपास्थित राम मन्दिर राजतीर्थ पुगेर अस्ताउँदो सूर्यलाई पूजा-आराधना गरी अर्घ दिनुभएको छ।

उपराष्ट्रपति यादवले पहिला कुपोन्डोलमा पुगेर र त्यसपछि सानेपास्थित राम मन्दिर राजतिर्थ फुटबल खेल मैदान अगाडि बागमती खोला किनारमा छठको पूजा गर्नुभएको हो । राजतीर्थमा छठ पूजामा सहभागी हुन आउनुभएका उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई छठ पूजा सेवा समाजका अध्यक्ष राकेश मेहेताले स्वागत गर्नुभएको थियो।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजा गरी यो पर्व मनाइन्छ। त्यस्तै, ललितपुरका नदी र पोखरीमा व्रतालु तथा श्रद्धालुले अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठी माताको पूजा गरेका छन् । बागमती, नख्खु, कुपन्डोल, विष्णुमती तथा बोजेपोखरीलगायत



नदी तथा पोखरीमा व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ दिएका छन्। भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठको पूजा सम्पन्न हुन्छ।

सूर्य उपासनाको महापर्व छठको दोस्रो दिन आइतबार देशभर खरना विधि मनाइँदैछ। छठ पर्वको महत्वपूर्ण विधिका रूपमा रहेको खरनामा व्रतालुहरू दिनभर उपवास बसेर साँझ विशेष पूजाआराधना गर्ने गर्छन्।

खरनाका दिन व्रताहरूले माटोको नयाँ चुलोमा सख्खरको खीर र रोटी पकाएर छठी मातालाई चढाउने परम्परा छ। पूजापछि उक्त प्रसाद परिवारका सदस्यसँगै ग्रहण गरिन्छ । खरनाको प्रसाद ग्रहण गरेपछि व्रतीहरूले ३६ घण्टे निर्जला व्रत सुरु गर्छन् । यस अवधिमा उनीहरूले अन्न र पानीसमेत ग्रहण नगरी व्रत बस्ने परम्परा छ।

छठ पर्वको तेस्रो दिन भोलि अस्ताउँदो सूर्यलाई अर्घ्य दिइनेछ। त्यसका लागि तराई-मधेससहित देशका विभिन्न स्थानमा नदी, पोखरी तथा जलाशयका घाटहरू सजाइएको छ । पर्वको अन्तिम दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ व्रत सम्पन्न हुनेछ। छठ पर्वमा सूर्यदेव र छठी माताको पूजा गरी परिवारको सुख, शान्ति, समृद्धि तथा सन्तानको दीर्घायुको कामना गर्ने धार्मिक विश्वास छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com